# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको इन्टर्नशिप (Internship) गराउने सम्बन्धी कार्यविधि, २०७५

(स्वीकृत मिति: २०७५/०९/१९)

यस समितिको कार्यक्षेत्र अन्तर्गतका विभिन्न नदी प्रणालीहरुमा संचालित संरक्षण र व्यवस्थापन कार्यक्रमहरुको कार्यान्वयन प्रकृया, कार्यक्रमको प्रभावकारिता र सुधारका लागि साथै युवा पुस्तालाई चुरे क्षेत्रको संरक्षण सम्वन्धि सिकाईमा अभिवृद्धि गर्न र संरक्षणमुखि अभियानमा संलग्न गर्न विभिन्न विश्वविद्यालय र अन्तर्गतका कलेजमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नशिप (Internship) मार्फत चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहयोग पुऱ्याउने साथै अनुभवी जनशक्ति तयार गर्ने उद्देश्यले व्यवस्थापन तथा प्रशासकिय कार्यविधि नियमावली, २०७१ को नियम ११२ ले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
### प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको इन्टर्नशिप (Internship) सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(ख) यो कार्यविधि समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

१.२ परिभाषा : विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "इन्टर्नशिप (Internship)" भन्नाले कुनै विश्वविद्यालय तथा अन्तर्गतका कलेजहरुको विद्यार्थीहरुद्वारा स्नातक/स्नातकोत्तर अध्ययनको आंशिक भाग पुरा गर्नको लागि कक्षागत अध्ययन समाप्त पछि गरिने क्षेत्रगत तथा स्थलगत व्यवहारिक अध्ययन सम्झनु पर्नेछ। जस अन्तर्गत Case Study/Project Paper/Term Paper पर्दछन्।

(ख) "इन्टर्नशिप (Internship) सहयोग" भन्नाले सम्बन्धित इन्टर्नशिप (Internship) अवधिको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको स्वीकृत बजेट शिर्षक बमोजिमको इन्टर्नशिप (Internship) सहयोग बापत तोकिएको रकम सम्झनु पर्दछ।

(ग) "विश्वविद्यालय" भन्नाले समितिको निर्णयबाट इन्टर्नशिप (Internship) सुविधा दिइने विषयहरुमा इन्टर्नशिप (Internship) गराउने अनुसूची १ मा उल्लिखित विश्वविद्यालयहरु वा सो को आंगिक वा सम्बन्धन प्राप्त कलेज सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति सम्झनु पर्दछ।

(ङ) "इन्टर्नशिप (Internship)कर्ता" भन्नाले चुरे-तराई मधेश क्षेत्रमा परिच्छेद २ मा तोकिए बमोजिमको विषयमा इन्टर्नशिप (Internship) गर्ने विद्यार्थी सम्झनु पर्दछ।

## परिच्छेद - २
### इन्टर्नशिप (Internship) सम्बन्धि व्यवस्था

२.१ इन्टर्नशिप (Internship) गर्दा समेट्नु पर्ने विषवस्तु :

Internship गर्दा चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना-२०७४ मा उल्लेखित निम्न क्षेत्रहरुसंग सम्बन्धित शिर्षकहरुमा Internship गरी Case Study/Project Paper/Term Paper को रिपोर्ट तयार गर्नु पर्ने छ। यसरी Internship गर्दा स्थलगत अवलोकन, अन्तक्रिया एवं अध्ययन गरी प्रथम दर्जाको तथ्याङ्क संकलन तथा विशलेषण गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ।

क) विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली अनुसार चुरे, भावर, दुन र तराई मधेश क्षेत्रमा हुन सक्ने औसत वार्षिक वृद्धिदरमा (MAI)

ख) वन व्यवस्थापन प्रणाली सापेक्ष भू-क्षय दरसम्बन्धी कार्यमूलक अनुसन्धान

ग) व्यवस्थापन गरिएको नदी प्रणालीको थेग्रान (Deposition) को मात्रा र धमिलोपन सम्बन्धी कार्यमूलक अनुसन्धान

घ) गैर परम्परागत नदी किनारा संरक्षण प्रविधिसम्बन्धी

ङ) प्राकृतिक स्रोत र समुदायबीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीको प्रयोग सम्बन्धि परम्परागत ज्ञान र निर्भरतावारे खोज तथा अभिलेखिकरण

च) खुला चरिचरन र बँधुवा पशुपालनबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

छ) परम्परागत भिरालो खेती र खनजोत क्रम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

ज) काँस, निगालो, बाबियो तथा अन्य NTFPs/MAPs हरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परीक्षण र प्रविधि विकास

झ) पहिरो नक्साङ्कन, वर्गीकरण र नियन्त्रण प्राथमिकता र प्रविधि

ञ) बाँस उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरण

ट) संरक्षित प्रणाली बाहिरका वन्यजन्तुको अवस्था र संरक्षणका उपाय

ठ) मिचाहा वनस्पति प्रजातिको उपस्थिती, फैलावट, असर र नियन्त्रणका विधि

ड) संरक्षणकार्यबाट प्रभाव पर्ने वातावरणीय सेवासम्बन्धी आर्थिक मूल्याङ्कन

ढ) संरक्षित प्रणाली बाहिर रहेका संरक्षित वनस्पति प्रजातिहरुको अवस्था र संरक्षणका उपाय

ण) वनजन्य पदार्थमा आधारित उद्योग सम्भाव्यता अध्ययन

त) उपल्लो तटिय र तल्लो तटिय बिचको अन्तरसम्बन्ध सुदृढीकरण Mechanism र यसका फाईदा

थ) चुरे क्षेत्रमा हुने गरेको भूक्षय, भूक्षय Mechanism तथा भू संरक्षणका विभिन्न प्रविधि प्रभावकारिता

द) कृषि वन प्रणाली सम्बन्धी अध्ययन

ध) जैविक विविधता संरक्षण सम्बन्धि अध्ययन

न) चुरे क्षेत्रका नदी प्रणालीमा Geological, Hydrological तथा Metrological सम्बन्धि अध्ययन

प) भू-उपयोग र भू-छत्र सम्बन्धि अध्ययन

फ) ताल तलैया र तीनको अवस्था सम्बन्धि अध्ययन

ब) भूमिगत जलश्रोत र खोलानाला सम्बन्धि अध्ययन

भ) चुरे कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयनको व्यवस्थापकिय पक्ष सम्बन्धि अध्ययन

म) जलवायु परिवर्तन तथा कार्वन मापन सम्बन्धि अध्ययन

य) चुरे क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुमा सुशासनको अवस्था सम्बन्धि अध्ययन

र) चुरे संरक्षण कार्यक्रमहरुको सामाजिक र आर्थिक पक्षहरु सम्बन्धि

ल) सामुदायिक वन उपभोक्ता समिमितिहरुले सा.व.को संरक्षण र बढोत्तरीमा पारेको प्रभावको मूल्यांकन

व) चरिचरन नियन्त्रणका लागि बनेको समूहहरुको कार्यशैलीको प्रभावकारिता अध्ययन तथा मूल्यांकन

श) नदिजन्य पदार्थको अवस्था र क्रसर उद्योगहरु सम्बन्धि अध्ययन

ष) रामसार सिमसार र तालतलैया सम्बन्धि अध्ययन

## परिच्छेद - ३

### आवेदन सम्बन्धी व्यवस्था

३.१ आवेदनको सुचना

समितिले स्वीकृत बजेटको आधारमा इन्टर्नशिप (Internship) सहयोग उपलब्ध गराउने आशयको २१ दिने सूचना वेवसाइटमा प्रकाशित गर्नेछ ।

३.२ आवेदकको योग्यता

यस कार्यविधि बमोजिम आवेदन गर्दा निम्न बमोजिमको योग्यता र प्रकृया पुगेको हुनु पर्नेछ :-

(क) इन्टर्नशिप (Internship) कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा वार्षिक प्रणाली भए स्नातक/स्नातककोत्तर तहको अन्तिम बर्षमा तथा सेमेस्टर प्रणाली भए अन्तिम सेमेस्टरमा अध्ययनरत हुनु पर्नेछ ।

(ख) परिच्छेद २ मा उल्लेखित शिर्षकहरु सम्बन्धि इन्टर्नशिप (Internship) प्रतिवेदन तयार गर्नु पर्नेछ ।

३.३ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

(क) अध्ययनरत विश्वविद्यालय/क्याम्पस/केन्द्रिय विभागको इन्टर्नशिप (Internship) को लागि तोकिएको सुपराभाईजरको नाम समेत उल्लेख गरिएको सिफारिश पत्र ।

(ख) आवेदनकर्ताले अनुसुची-२ मा तोकिएको आवेदन फाराम भरी सुचनामा उल्लेख भए अनुसारको ढाँचामा इन्टर्नशिप (Internship) प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्तावको ढांचा अनुसुची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ४

### इन्टर्नशिप (Internship) प्रस्ताव मूल्याङ्कन

४.१ मूल्यांकन समिति

(क) समितिले तोकेबमोजिम एक जना बोर्ड सदस्यको संयोजकत्वमा तीन सदस्यीय मूल्यांकन समिति गठन हुनेछ ।

(ख) गठीत समितिले अनुसूची-४ मा उल्लेखित आधारहरुमा उपयूक्त प्रस्ताव छनौट गरी स्वीकृतिको लागि समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।

(ग) इन्टर्नशिप (Internship) प्रस्ताव छनौट गर्दा स्नातक तहको लागि ७०(सत्तरी) प्रतिशत र स्नातकोत्तर तहको लागि ३०(तिस) प्रतिशत कोटा कायम हुनेछ र कुनै तहको लागि छुट्याईएको कोटामा इन्टर्नशिप (Internship) प्रस्ताव नपुगेमा सो कोटा स्वत: अर्को तहमा समावेश हुनेछ ।

(घ) यस समितिवाट अर्को सुविधा वा सहयोग पाईसकेको सहभागिलाई यस इन्टर्नशिप (Internship) मा सहभागि गराईने छैन ।

## परिच्छेद - ५

### इन्टर्नशिप (Internship) सहयोग उपलब्ध गराउने व्यवस्था

५.१ इन्टर्नशिप (Internship) सम्झौता सम्वन्धि व्यवस्था:

इन्टर्नशिप (Internship) सहयोगको लागि छनौट भएका इन्टर्नशिप (Internship)कर्ता र यस समिति बिच अनुसुचि-५ मा उल्लेखित ढांचा बमोजिम एक सम्झौता गर्नुपर्ने छ ।

५.२. इन्टर्नशिप (Internship) सहयोग सम्बन्धी व्यवस्था :

इन्टर्नशिप (Internship) सहयोग वापत स्वीकृत बजेटको आधारमा रकम उपलब्ध गराइनेछ ।

५.३ इन्टर्नशिप (Internship) सहयोग रकम भुक्तानीको तरिका :

(क) समितिको नियमानुसार सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ एक प्रति मासिक प्रतिवेदन उपलब्ध गराए पश्चात मासिक रुपमा सम्झौता अनुसारको रकम सम्बन्धित इन्टर्नशिप (Internship)कर्तालाइ सोझै A/C Payee चेक मार्फत वा बैंक खातामा उपलब्ध गराइनेछ ।

५.४ देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः समापन हुनेछ ।

(क) विश्वविद्यालय/शैक्षिक संस्थाले इन्टर्नशिप (Internship) नियमित नगरेको भन्ने जानकारी गराएमा ।

(ख) इन्टर्नशिप (Internship)कर्ता स्वयंमले पहिलो किस्ता लिई इन्टर्नशिप (Internship) अध्ययन कार्य बिचैमा छाडेमा ।

यसरी इन्टर्नशिप (Internship) कार्य बिचमै छाडेमा पहिलो किस्ताको रकम फिर्ता गर्नु पर्नेछ र शोधकार्य अनुसन्धान सहयोग सम्वन्धि सम्झौता स्वतः समाप्त हुनेछ ।

(ग) गुणस्तरिय इन्टर्नशिप (Internship) प्रतिवेदन तयार गर्न नसकेका कारण विश्वविद्यालय/शैक्षिक संस्थाबाटअस्वीकृत भएमा ।

## परिच्छेद - ६
## विविध

६.१ कार्यविधिको प्रयोग र पालना:

यो कार्यविधिको प्रयोग र पालना गर्ने गराउने दायित्व समिति, समितिको सचिवालय, सचिवालयमा कार्यरत कर्मचारीहरु तथा सरोकारवाला सबैको हुनेछ ।

६.२ कार्यविधिको व्याख्या:

(क) यस कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार समितिमा निहित हुनेछ ।

(ख) यस कार्यविधिको प्रयोग गर्दा कुनै पक्षलाई मर्का परी चित्त नबुझेमा त्यस्तो पक्षले सदस्य सचिव मार्फत समितिमा निवेदन दिन सक्नेछ । प्राप्त निवेदन माथि छानविन गरी समितिले निर्णय गर्नेछ र समितिले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

६.३. बाझिएमा गर्ने :

यस कार्यविधिमा उल्लेख भएका कुराहरु समितिको व्यवस्थापन तथा प्रशासकीय कार्यविधि नियमावली २०७१ संग बाझिएमा समितिको निर्णय अनुसार नै हुनेछ ।

अनुसूची-१

## इन्टर्नशिप (Internship) लागि तोकिएका विश्वविद्यालयहरु

| क्र.स. | विश्वविद्यालयको नाम |
|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| २ | कृषि तथा वन विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ३ | काठमाडौं विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ४ | पोखरा विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ५ | पूर्वाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ६ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ७ | सुदुर पश्चिमाञ्चल विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ८ | राजर्षी जनक विश्वविद्यालय वा सो संग सम्बन्धन प्राप्त कलेजहरु |
| ९ | नेपाल संस्कृत विश्वविद्यालय वा सो सँग सम्बन्धन प्राप्त कलेजहरु |

नेपाल सरकार
... संरक्षण विकास समिति
पुल्चोक, ललितपुर

# आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम ..................................................................................

इन्टर्नशिप (Internship) कर्ताको नाम : (देवनागरीलिपिमा) ..................................................

इन्टर्नशिप (Internship) कर्ताको नाम : (अंग्रेजीमा) ..........................................................

जन्म मितिः ..............................

लिङ्ग पुरुष ☐ महिला ☐

विवाहित ☐ अविवाहित ☐

बाबुको नामः ...................................... आमाको नामः ...................................

सम्पर्क टेलिफोन नं .................... मोबाइल नं .......................... इमेलः ..............................

स्थायी ठेगानाः ..................................................................................................................

इन्टर्नशिप (Internship) अनुसन्धानको शिर्षकः ..................................................

अध्ययनरत क्याम्पसः ..................................................................................................

शैक्षिक योग्यता -माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | अध्ययन बर्ष/सेमेष्टर | प्राप्तांक प्रतिशत | मुख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सुपरिवेक्षण गर्नेकोः

दस्तखतः

नाम थरः

पदः

इन्टर्नशिप (Internship)कर्ताकोः

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

नागरिकता नं.:

जारी गर्ने जिल्लाः

जारी मितिः

मितिः

अनुसूची-३

## इन्टर्नशिप (Internship) प्रस्तावको ढांचा

इन्टर्नशिप (Internship) प्रस्तावको ढांचा देहाय बमोजिम हुनुपर्ने छ।

क) सामान्य विवरण

१) शिर्षक

२) औचित्यता

३) उदेश्य

४) सैद्धान्तिक ढांचा

५) अध्ययन/अनुसन्धान विधि

ख) कार्य योजना

ग) बजेट/खर्च बिवरण

अनुसूची-४

## इन्टर्नशिप (Internship) प्रस्ताव मूल्यांकनका आधारहरु

| सि.नं. | मूल्यांकनका आधारहरु | अंकभार | अंकभारको थप बर्गिकरण |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता (वार्षिक परिक्षा प्रणाली भए प्रथम वर्ष र सेमेष्टर प्रणाली भए अन्तिम दुई सेमेष्टरको औषत प्रतिशत) | ६० | प्रथम श्रेणी वा सो सरह-६०<br>द्वितिय श्रेणी वा सो सरह-५५<br>तृतिय श्रेणी वा सो सरह-५० |
| २ | इन्टर्नशिप (Internship) प्रस्ताव | २५ | शिर्षक-५<br>औचित्यता-५<br>उदेश्य-५<br>सैद्धान्तिक ढांचा-५<br>अनुसन्धान विधि-५ |
| ३ | दलित/महिला | ५ | - |
| ४ | चुरे कार्यक्रम क्षेत्रको बासिन्दा | १० | - |
| जम्मा | | १०० | |

अनुसूची-५

## सम्झौता पत्रको नमुना

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (यस पछि प्रथम पक्ष भनिएको) र ........................................................... (यस पछि दोस्रो पक्ष भनिएको) बीच इन्टर्नशिप (Internship) सहयोग उपलब्ध गराउने सम्बन्धमा तल उल्लेखित शर्तहरुको अधिनमा रहि यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

शर्तहरु

१. दोस्रो पक्षले इन्टर्नशिप (Internship) प्रस्तावमा उल्लेखित शिर्षकमा इन्टर्नशिप (Internship) प्रतिवेदन तयार गर्नु पर्नेछ ।

२. प्रत्येक महिनाको पाँहिलो हप्ता भित्र मासिक प्रतिवेदन तयार गरी एक प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र इन्टर्नशिप (Internship) तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ प्रतिवेदन तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्न सक्नेछ । थपिएको अवधि भित्र पनि दोस्रो पक्षले Internship प्रतिवेदन तयार गर्न नसकेमा यो सम्झौता स्वत: बदर भएको मानिनेछ ।

३. प्रथम पक्षले इन्टर्नशिप (Internship) को लागि यो सम्झौता भएपछी सम्वन्धित विश्वविद्यालय र सो संग सम्बन्धन प्राप्त कलेजको सिफारिश सहितको मासिक प्रतिवेदनको आधारमा मासिक रुपमा सोझै A/C Payee चेक मार्फत वा बैंक खातामा उपलब्ध गराइनेछ । दोस्रो पक्षले तोकिएको अवधि भित्र इन्टर्नशिप (Internship) प्रतिवेदन पेश गर्न नसकेमा पेश्की बापत लिएको रकम पहिलो पक्षलाई फिर्ता गर्नुपर्ने छ । रकम फिर्ता नगरेमा प्रचलित कानुन अनुसार असुलउपर गरिने छ ।

४. इन्टर्नशिप (Internship) प्रतिवेदन तयार गर्दा स्थलगत रुपमा Primary Data संकलन गरी आधिकारीक विवरण र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ । सन्दर्भ सामग्रीको रुपमा Secondary Data प्रयोग गर्न सकिने छ । अध्ययनका तथ्याक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई इन्टर्नशिप (Internship) सहयोग भुक्तान गर्न बाध्य हुने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको इन्टर्नशिप (Internship) बापतको रकम सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।

६. Internship प्रतिवेदन तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहीता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

७. अन्य कुराहरु राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको Internship सहयोग उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७५ र प्रचलित कानून अनुसार हुनेछ ।

| सम्झौताको दोस्रो पक्ष | सम्झौताको प्रथम पक्ष |
|---|---|
| नाम: | नाम: |
| स्थायी ठेगाना: | पद: |
| सम्पर्क नम्बर: | दस्तखत: |
| नागरिकता नं.: | मिति: |
| जारी गर्ने जिल्ला : | कार्यालयको छाप: |
| जारी मिति: | |
| दस्तखत: | |
| मिति: | |